**नेपाल सरकार**

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

**हरिहरभवन, ललितपुर**

## कार्यालयको सरसफाई सेवा करारमा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना

**दरभाउ पत्र सूचना नं १/२०७७/७८**

**प्रकाशित मिति २०७७/०४/११**

यस विभागलाई आ.व.२०७७/७८ को लागि आवश्यक कार्यालय सरसफाइ सेवा आपूर्ति गर्न ईच्छुक नेपाल सरकारबाट स्वीकृती प्राप्त योग्य फर्म/संस्था/कम्पनीले देहायका शर्तहरुको अधिनमा रहि रित पूर्वकको शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. प्रस्ताव सम्बन्धी कागजात यो सूचना प्रकाशित मितिले १५ औँ दिनसम्मको कार्यालय समय भित्र पछि फिर्ता नहुने गरी रु १००० नगदै वा यस विभागको नेपाल बैंक लिमिटेड गावहलमा रहेको राजस्व खाता नं ००१०१०००००००१००१००१ कार्यालय कोड नं. ३०१०५३४०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गरी आँफै वा आफ्नो आधिकारिक प्रतिनिधि मार्फत निवेदन दिइ प्राप्त गर्न सकिनेछ। उक्त निवेदनसाथ फर्म/संस्था/कम्पनी दर्ता नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता भएको प्रमाण पत्र, आ.व.२०७५/७६ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी पेश गर्नु पर्नेछ।

२. पेश गरिने प्रस्तावको प्रत्येक पानामा सहिछाप गरि उक्त प्रस्तावको साथ जमानत वापत ७५(पचहत्तर) दिन म्याद भएको रु २०००० (बीस हजार) बराबरको बैंक जमानत (विड वण्ड) वा यस विभागको नेपाल बैंक लिमिटेड, गावहाल, ललितपुरमा रहेको धरौटी खाता नं. ०१८०२०००००००३०००५१ र कार्यालय कोड नं. ३०१०५३४०१ खातामा जमानत वापतको रकम रु. २०,०००।- जम्मा गरेको सक्कल बैक भौचर संलग्न राखी सूचना प्रकासित भएको मितिले १६ (सोह्र) औँ दिनको १२:००बजेभित्र विभागमा दर्ता गर्नु पर्नेछ।

३. सूचना प्रकाशित भएको मितिले १६ औँ दिनको १२:०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे भित्र दरभाउपत्र दाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिने छ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन्। प्रस्ताव सम्बन्धि कागजात खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोहि समयभित्र खरिद र दाखिला गर्न सकिनेछ।

४. दररेट पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिईनेछ।

५. रित नपुगी वा म्याद गुज्री आएका वा अन्य शर्त राखि पेश हुन आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

६. शिलवन्दी प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा निहित रहनेछ।

७. यसमा उल्लेखित भएमकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

८. यसै साथ संलग्न सरसफाई सेवाको कार्यक्षेत्रगत शर्त र अन्य कुरा बुझ्नु परेमा यस विभागमा कार्यालय समयभित्र विभागको टेलिफोन नम्बर ०१-५०१००३६ मा सम्पर्क गर्न सकिने छ वा यस विभागको वेवसाईट www.dri.gov.np मा हेर्न सकिनेछ।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

# सरसफाइ सेवाको कार्यक्षेत्रगत शर्त

१. कार्यालय भवनहरु (मुख्य भवन तथा दक्षिण र पश्चिम तर्फ रहेको टहराहरु) मा रहेका कोठाहरु र कोठामा रहेका कुर्सी टेवल, अन्य मेशीनरी सामानहरु, विभागको कोठाहरुका सिलिङ, भित्ता, झ्याल ढोकाहरु, गल्ली र शौचालयहरुका साथै भवनको प्राङ्गण कार्यालय खुल्ने समय अगावै र सभाहल आवश्यकतानुसार सरसफाई गर्नु पर्ने ।

२. सेवा प्रदायकलाई भ्याकुम क्लिनर सम्झौता अवधि समाप्त भए पछि फिर्ता बुझाउने शर्तमा राजस्व अनुसन्धान विभागले उपलब्ध गराउने ।

३. सरसफाई गर्दा कार्यालयको कुनै पनि सरसामान, उपकरणहरु टुटफुट भएमा वा हराएमा त्यसको सम्पूर्ण जिम्मेवारी सेवा प्रदायकमा निहित रहने ।

४. सेवा प्रदायकले सरसफाइको लागि न्यूनतम ३ जना कामदार दैनिक रुपमा ( शौचालय सरसफाईमा दैनिक १ जना समेत) कामदार खटाउनु पर्नेछ । आकस्मिक सरसफाईमा थप जनशक्ति आवश्यक भए सो समेत उपलब्ध गराउनु पर्नेछ ।

५. सेवा प्रदायकले कार्यालय खुल्ने दिन दैनिक रुपमा विहान ७ बजेदेखी १० बजे भित्र कार्यालयको सम्पूर्ण कार्यकक्षहरुको सरसफाई गरिसक्नुपर्नेछ । त्यसैगरी कार्यालयको भर्‍याङ्ग, प्यासेज, शौचालय लगायत अन्य क्षेत्रमा फिनेल राखी दिनको दुई पटक सफा गर्नु पर्ने । साथै कार्यालय समयावधिसम्म सरसफाईका लागि कर्मचारी स्टेण्डवाई खटाउनु पर्ने ।

६. सेवाको नियमित रुपमा अनुगमन गरिने छ । अनुगमनको सिलसिलामा सेवा सन्तोषजनक नपाइएमा ७ दिनको समय दिई सुधारको मौका दिइनेछ । उक्त समयमा पनि सेवा सन्तोषजनक नभएमा ३० दिनको समय दिई सम्झौता रद्ध गर्न सकिने ।